# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी, झापा
## १ नं. प्रदेश, नेपाल

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जामुनबारी, झापा १ नं. प्रदेश, नेपाल

**नदिजन्य पदार्थ संकलन र विक्री तथा उक्त क्षेत्रमा लगाईने सडक सुधार शुल्क सम्बन्धी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०७७/०९/२१

यस कनकाई नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, आन्तरिक आयको ठेक्का व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५, "ढुङ्गा, गिटी बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" तथा कार्यपालिकाको मिति २०७७/०७/०५ गतेको निर्णयानुसार आ.व. २०७७/०७८ का लागि बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित शर्तको अधिनमा रही तपशिल बमोजिममा उल्लेखित आय ठेक्काहरु प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ बजे भित्रमा योग्यता पुगेका फर्म तथा कम्पनीहरुले ठेक्का सम्बन्धी कागजातहरु कम्पनी/फर्म दर्ता प्रमाणपत्र नविकरण समेत भएको प्रमाणपत्रको प्रतिलिपि, भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, फाराम खरिद गरेको भौचर प्रतिलिपि, धरौटी रकम जम्मा गरेको बैंक भौचरको प्रतिलिपि र बोलपत्र फारामका सम्पुर्ण पानाहरु भरी सहिछाप गरी अपलोड गरी E-Bidding मार्फत बोलपत्र छुट्टाछुट्टै पेश गुर्नुहुन सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक भ्याट सहित | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १. | Kanakai/IR/08/077-78 | कनकाई नगरपालिकाले तोकि दिएको कनकाईखोला क्षेत्र भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदिजन्य सामाग्री (पदार्थ) संकलन तथा विक्री | ३६,८४,७२७।- (अक्षरुपी छत्तीस लाख चौरासी हजार सात सय सत्ताईस रुपैयाँ मात्र) | ३०००।- |
| २. | Kanakai/IR/09/077-78 | कनकाईखोला क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमानै लिईने सडक सुधार शुल्क | ६,९५,६९१/११। (अक्षरुपी छ लाख पन्चानब्बे हजार छ सय एकानब्बे रुपैयाँ एघार पैसा मात्र) | १०००।- |

नोटः-ठेक्का सम्बन्धी विस्तृत विवरण तथा अन्य शर्तहरु नगरपालिकाको सूचनापाटीमा वा नगरपालिकाको वेभसाईट www.kankaimun.gov.np मा जानकारी पाउन सकिने छ । विद्युतिय बोलपत्रको वेवसाईड www.bolpatra.gov.np/egp बाट समेत जानकारी पाउन सकिनेछ। अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरुः

१. योग्य बोलपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीका लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, कनकाई नगरकार्यापालिको कार्यालय जामुनवारी झापामा, www.kankaimun.gov.npवा info@kankaimun.gov.npमा सम्पर्क राख्न सकिनेछ।

२.योग्य बोलपत्रदाताले बोलपत्र फारम खरिद गर्दा भुक्तानी गर्नुपर्ने रकम यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड सुरुङ्गामा रहेको आन्तरिक राजश्व खाता नम्बर १४७०३००००१००१००००१ मा जम्मा गरी बुझिने गरी भौचर स्क्यान गरी अपलोड गर्नुपर्नेछ ।

३. बोलपत्र दाखिला गर्ने कम्पनी/फर्म/व्यक्ति नेपाली भएमा कबोलअंकको ५ प्रतिशत र बिदेशी भए १० प्रतिशत धरौटी यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड सुरुङ्गामा रहेको धरौटी खाता न. १४७०३०००००३००००००००१ मा जम्मा गरी बुझिने गरी भौचर स्क्यान गरी पेश गर्नुपर्नेछ वा "क" वर्गको वाणिज्य बैंक वा वित्तिय संस्थावाट कार्यालयका नाममा जारी भएको १२० दिन म्याद भएको विडवण्ड धरौटी स्वरुप पेश गर्नुपर्नेछ ।

४. तोकिएको समय भित्र पेश भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा कनकाई नगरपालिकाको कार्यालयमा ३१ औं दिनको २ बजे खोलिने छ ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

५. बिद्युत्तिय माद्यमबाट बोलपत्र दाखिला गरिने भएकाले बोलपत्र दाखिला गर्ने दिन सार्बजनिक विदा परेमा पनि दाखिला गर्ने समय थप गरिने छैन भने बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन खोलिने छ ।

६. कुनै वा सबै बोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्विकार गर्ने सम्पुर्ण अधिकार यस कनकाई नगरपालिकाको कार्यालयमा निहित रहनेछ ।

७. बोलपत्र फारम जुन कम्पनी/फर्मको नाममा खरिद गरिएको हो सोही कम्पनी/फर्मको नाममा नै दाखिला गर्नुपर्नेछ।

८. बोलपत्र फारम भर्दा आफुले कवोल गरेको अंक र अक्षर दुबै प्रस्ट हुने गरी उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्ने गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

९. बोलपत्र स्वीकृत भएपछि सूचना जारी भएको मितिले ७ दिन भित्रमा सम्बन्धित कम्पनी/फर्म सम्झौता गर्न यस कार्यालयमा आउनुपर्नेछ। मनासिव कारणबाहेक सो अवधी भित्र सम्झौता गरी ठेक्का पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी कालो सूचीमा राखिनेछ।

१०. ठेक्का स्वीकृत रकम सम्झौता हुँदाका बखत एकमुष्ट बुझाएमा स्वीकृत अंकमा १० प्रतिशत छुट दिईनेछ। किस्ताबन्दी रुपमा रकम बुझाउदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम ३ (तिन) किस्तामा बुझाउनु पर्नेछ। उक्त तिन किस्ता मध्ये पहिलो किस्ता कुल अंकको ५० प्रतिशत रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ। दोस्रो किस्ता कुल अंकको ३० प्रतिशत रकम २०७७ चैत मसान्त र तेस्रो किस्ता कुल अंकको २० प्रतिशत रकम २०७८ बैशाख मसान्त भित्रमा बुझाउनु पर्नेछ। साथै यसरी किस्ताबन्दीमा रकम बुझाउदा ठेकेदारले ठेक्का कवोल गरेको अंकमा दोस्रो र तेस्रो किस्ताको रकम बराबरको जमानत वापत नेपाल राष्ट्रबैंकवाट मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकबाट सम्झौता अवधि सम्मको बैंक ग्यारेन्टी सम्झौता गर्नु पुर्व नै पेश गर्नुपर्नेछ।

११. किस्ता बापतको रकम म्याद भित्र बुझाउनु पर्नेछ । म्याद भित्र नवुझाएमा नगरपालिकालाई ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।

१२. ठेक्का संचालनको सिलसिलामा ठेक्कासँग सम्बन्धित विषयमा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

१३. नगरपालिकालाई रकम बुझाउनु पर्ने वा बाँकी वक्यौता भएका तथा कालो सूचीमा परेका व्यक्ति वा फर्महरुको बोलपत्र स्वीकार गरिने छैन ।

१४. सामन्यतया ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम १० प्रतिशत व्याज जोडी असूल उपर गरिने छ र त्यस्तो फर्मलाई कालो सूचीमा समेत राखिने छ।

१५. ठेक्का सम्झौता अवधि नगरपालिका र ठेकेदार बीच सम्झौता भए पश्चात लागू भई २०७८ जेठ मसान्त सम्म कायम रहने छ ।

१६.कनकाई खोलाको तोकिएको क्षेत्रमा नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमानै लिईने सडक सुधार शुल्क सम्बन्धित संकलन क्षेत्रमा मात्रै उठाउन पाइने छ ।

१७. सो खोला तोकिएको क्षेत्रबाट नदिजन्य सामग्री ढुवानी हुने सवारी बाहेक अन्य स्थानबाट ढुवानी गर्ने सवारी साधन तथा अन्य प्रयोजनमा प्रयोग हुने सवारी साधनबाट यो सडक सुधार शुल्क संकलन गर्न पाइने छैन ।

मोहनप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

१८. सडक सुधार शुल्क उठाउन राजमार्ग तथा सडक क्षेत्रमा कुनै ढाट तथा अवरोध राख्न पाइने छैन ।

१९. कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाहा दावी गर्न पाइने छैन साथै त्यस्तो छुट मिनाहा दिन कार्यालय बाध्य हुने छैन ।

२०. तोकिएको शुल्क प्रदेश आर्थिक ऐन तथा कनकाई नगरपालिकाको आर्थिक ऐन २०७७ मा उल्लेख भएको दर भन्दा बढी दरमा उठाउन पाइने छैन । तोकिएको दर भन्दा बढी वा तोकिएका ढुवानी साधन भन्दा अन्य सवारी साधनबाट उठाएको पाइएमा नियमानुसार कारवाही गरिने छ ।

२१. सडक सुधार शुल्कको दर रेट सम्बन्धी विस्तृत विवरण बोलपत्र साथ संलग्न गरी उपलब्ध गराइनेछ ।

२२. बोलपत्र पेश गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) ले तोके बमोजिमको प्रक्रिया पुरा गरेको हुनुपर्नेछ ।

२३. बोलपत्र फारम र PPMO को अनलाईन फारममा रकम फरक पर्न गएमा जुन फारममा रकम बढी कबोल गरिएको छ सोही रकमलाई मान्यता दिईनेछ ।

२४. ठेक्का सम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाही गरिने छ ।
२५. बोलपत्र मूल्याङ्कन गर्दा मूल्य अभिवृद्धी कर (VAT) सहित कवोल अंकलाई आधार लिइने छ।
२६.यस सूचनामा उल्लेख नभएका विषयको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

मोहनप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

## खण्ड २

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

नदीजन्य पदार्थ संकलन, उत्खनन परिमाण तथा दररेट सम्बन्धी विवरण

### क) परिमाण

छनौट भएको बोलपत्रदाताले देहायको ४ स्थानबाट तोकिए बमोजिमको परिमाणमा मात्र कनकाई खोलाबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्न पाउँने छ । उल्लेखित व्यवस्था बिपरित संकलन गरेको पाइएमा नियमानुसार कारवाही गरिने छ ।

| कनकाई खोला | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्र | अक्षांक(उ) | देसान्तर (पु) | बार्षिक निकालन सकिने नापजाँच | | सम्झौता अवधिमा निकाल्न सकिने घ.मि. | सम्झौता अवधिमा निकाल्न सकिने नदीजन्य सामाग्री घ.मि. | | |
| | | | क्षेत्रफल वर्ग.मि | गहिराई मि | | बालुवा | गीट्टी | ढुङ्गा |
| १ | 26°39'4.32"N | 87°52'17.32"E | ४५५७६ | ०.३ | ७५९६ | ३७९८ | २५०६.७ | १२९१.२ |
| २ | 26°38'49.56"N | 87°52'9.86"E | ३४८२५ | ०.३ | ५८०४.१७ | ७७३८.९ | | |
| ३ | 26°38'50.72"N | 87°52'6.46"E | २८७९९ | ०.३ | ३२०० | १६०० | १०५५.९ | ५४३.९ |
| ४ | 26°38'55.89"N | 87°52'12.68"E | ७१३० | ०.३ | ७९२.०५ | १५८४.४ | | |
| | | | कुल परिमाण | | १७३९२.२२ | | | |

### ख) दररेट

छनोट भएको बोलपत्रदाताले देहायको दर रेटमा शुल्क लिनुपर्ने छ । तपशिलमा उल्लेख भएभन्दा बढी दरमा शुल्क लिन पाइने छैन । उल्लेखित दरभन्दा बढी शुल्क लिएको पाइएमा नियमानुसार कारवाही गरिने छ ।

| सि.नं | विवरण | दर रेट रु प्रति घनफिट |
|---|---|---|
| १ | गिटि रोडा ग्राभल | ६ |
| २ | बालुवा पुरुवा | ४.७५ |

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुरुङ्गा/बिर्तामोड?, झापा
१ नं. प्रदेश, नेपाल

# खण्ड ३

## कर, शुल्क ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र फारम

१)ठेक्काको नाम - कनकाई नगरपालिकाले तोकिदिएको क्षेत्र (कनकाई खोला) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदीजन्य सामाग्री पदार्थ संकलन तथा बिक्री सम्बन्धी ठेक्का ।

२)भ्याट सहित न्यनतम रु ३६,८४,७२७ ( अक्षरुपी छतीस लाख चौरासी हजार सात सय सत्ताइस रुपैया मात्र)

३)धरौटी रकम –

| ठेक्का नं | विवरण | कबोल अंक भ्याट बाहेक (अंकमा) | कबोल अंक भ्याट बाहेक (अक्षरमा) |
|---|---|---|---|
| Kanakai/IR/08/077-78 | कनकाई नगरपालिकाले तोकिदिएको क्षेत्र (कनकाई खोला) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदीजन्य सामाग्री पदार्थ संकलन तथा बिक्री | | |
| | १३ प्रतिशत भ्याट | | |
| | जम्मा रकम भ्याट सहित | | |

रकम लेख्दा अंक र अक्षर स्पष्ट खुल्नेगरि लेख्नुपर्ने छ ।

पेश गर्नेको

दस्तखत -

फर्मको छाप

फर्मको नाम -

प्रोप्राइटरको नाम -

ठेगाना -

मोबाइल नं.

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

# MAP OF QUARRY SITE




**Legend**

**Kanakai River Quarry**

- Plot A (Stone & Gravel)
- Plot B (Sand)
- Plot C (Stone & Gravel)
- Plot D (Sand)

1:10,000

0.5 0.25 0 0.5 Km


arry Site
Legend
Plot
Plot A (Stone, Gravel and Sa
Plot B (Sand)
Plot C (Stone, Gravel & San
Plot D (Sand)
Domukha
Plot A
Plot D
Plot C
Plot B
East West Highway
2000 ft
gle Earth
020 Maxar Technologies

# SECTION-VI

# Bill of Quantities

Notes for Unit Rate Contracts :
Objectives
The objectives of the Bill of Quantities are
(a) to provide sufficient information on the quantities of Works to be performed to enable Bids to be prepared efficiently and accurately; and
(b) when a Contract has been entered into, to provide a priced Bill of Quantities for use in the periodic valuation of Works executed.

In order to attain these objectives, Works should be itemized in the Bill of Quantities in sufficient detail to distinguish between the different classes of Works, or between Works of the same nature carried out in different locations or in other circumstances which may give rise to different considerations of cost. Consistent with these requirements, the layout and content of the Bill of Quantities should be as simple and brief as possible.
Content
The Bill of Quantities should be divided generally into the following sections:
(a) Preamble;
(b) Work Items (grouped into parts);
(c) Day works Schedule;
d) Provisional Sums; and
(d) Summary.

Preamble
The Preamble should indicate the inclusiveness of the unit prices, and should state the methods of measurement which have been adopted in the preparation of the Bill of Quantities and which are to be used for the measurement of any part of the works.

Work Items
The items in the Bill of Quantities should be grouped into sections to distinguish between those parts of the Works which by nature, location, access, timing, or any other special characteristics may give rise to different methods of construction, or phasing of the Works, or considerations of cost. General items common to all parts of the works may be grouped as a separate section in the Bill of Quantities.
Day work Schedule
A Day work Schedule should be included only if the probability of unforeseen work, outside the items included in the Bill of Quantities, is high. To facilitate checking by the Employer of the realism of rates quoted by the Bidders, the Day work Schedule should normally comprise the following:
(a) A list of the various classes of labor, materials, and Constructional Plant for which basic day work rates or prices are to be inserted by the Bidder, together with a statement of the conditions under which the Contractor will be paid for work executed on a day work basis.
(b) Nominal quantities for each item of Day work, to be priced by each Bidder at Day work rates as bid. The rate to be entered by the Bidder against each basic Day work item should include the Contractor's profit, overheads, supervision, and other charges.
Provisional Sums
A general provision for physical contingencies (quantity overruns) may be made by including a provisional sum in the Summary Bill of Quantities. Similarly, a contingency allowance for possible price increases should be provided as a provisional sum in the Summary Bill of Quantities. The inclusion of such provisional sums often facilitates budgetary approval by avoiding the need to request periodic supplementary approvals as the future need arises. Where such provisional sums or contingency allowances are used, the Contract Data should state the manner in which they will be used, and under whose authority (usually the Project Manager's).

Summary
The Summary should contain a tabulation of the separate parts of the Bill of Quantities carried forward, with provisional sums for Day work, for physical (quantity) contingencies, and for price contingencies (upward price adjustment) where applicable.

These Notes for Preparing Specifications are intended only as information for the Employer or the person drafting the Bidding documents. They should not be included in the final documents.

# Bill of Quantities

| 1 Provisional Sum | | | | | |
|---|---|---|---|---|---|
| Procument Item Details | | | | | |
| SL. No | Item Description | Unit | Quantity | Unit Rate(NPR) | Amount(NPR) |
| 1 | PS | PS | 0.0 | 0.0 | 0.00 |

| 2 Miscellaneous services | | | | | | |
|---|---|---|---|---|---|---|
| Procument Item Details | | | | | | |
| SL. No | Item Description | Unit | Quantity | Bidder's Rate (NPR) | Bidder's Rate (in words) | Total Amount (NPR) |
| 1 | Kanakai Khola Khestrako Nadijanya samagri sankalan tatha bikri | cum | 17392.22 | | | |
| Total of Procument Items | | | | | | |

| Total of Procument Items | |
|---|---|
| **Total Item Price** | |
| **VAT** | |
| **Grand Total** | |